राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ४१, जेठ १३ गते शुक्रबार, २०७९ (27 May, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथि छलफल

## 'नेपालको भूमि र सीमा संरक्षणका निम्ति राष्ट्रिय सहमति जरुरी'

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** बिहीबार बसेको प्रतिनिधिसभा बैठकबीच सरकारको नीति तथा कार्यक्रममाथिको छलफल जारी छ। बैठकमा दुई दिनअघि राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रतिनिधिसभाको दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रममाथि आरम्भ भएको छलफल दुई दिनसम्म जारी रहने भएको हो। ६५ पृष्ठ लामो र एकसय ४५ बुँदे सो नीति तथा कार्यक्रममा तीनै तहका सरकारको समन्वय र सहकार्यमा आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ भने वित्त र मौद्रिक नीतिको संयोजनबाट आर्थिक वृद्धि र स्थायित्व हासिल गरिने तथा कृषि, यातायात, ऊर्जा, पर्यटन र सूचना प्रविधिलाई आर्थिक वृद्धिको संवाहकको रूपमा अघि बढाइ आर्थिक पुनरुत्थानका विशेष कार्यक्रममार्फत उत्थानसशील अर्थतन्त्र निर्माण गरिने कुरा समावेश गरिएको छ।



बिहीबारको बैठकलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता झलनाथ खनालले नेपालको भूमि र सीमा संरक्षण गर्ने कुरामा राष्ट्रिय सहमति जुट्न जरुरी भएको तर्फ औंल्याएका हुन्। प्रतिनिधिसभाको बैठकमा सरकारको आगामी वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिँदै वरिष्ठ नेता खनालले नेपालको सिमाना सुरक्षा, नेपालको भूमि संरक्षण गर्नुपर्ने विषयमा राष्ट्रिय सहमति जुटाउन जरुरी भएको दोहोऱ्याउँदै भने- 'राष्ट्रिय हितमा सगरमाथा जस्तै अटल भएर उभिन सक्नुपर्छ, यस्तो परराष्ट्रनीति जरुरी छ, अब कूटनीतिक कुरा गर्ने होइन, राष्ट्रिय सहमतिबाट हाम्रो भूमि र सीमाको संरक्षण गर्नुपर्छ।'

वर्तमान संविधानलाई मार्गदर्शन मानेर अघि बढ्नुपर्नेमा जोड दिँदै उनले भूमि सुधारको कुरा नीति तथा कार्यक्रम नभएको बताए। 'भूमिसम्बन्धी तथ्याङ्क हामीसँग अध्यावधिक छैन,

क्रमशः अन्तिम पृष्ठमा

# ४०.८९ प्रतिशत महिला निर्वाचित



**काठमाडौं ।** हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट हालसम्म प्राप्त परिणामअनुसार १४ हजार चारसय २ जना महिला निर्वाचित भएका छन्। सार्वजनिक भएका पालिकाको अन्तिम मतपरिणामका आधारमा निर्विरोधसहित चालिस दशमलव ८९ प्रतिशत महिला निर्वाचित भएका हुन्। सोही तथ्यांकका आधारमा चालिस प्रतिशतभन्दा बढी महिला चुनिएका हुन्।

निर्वाचनमा ५५ हजार ६ सय ९९ महिला उम्मेदवार रहेका थिए। कूल ७५३ स्थानीय तहमा ३५ हजार दुईसय २१ पद रहेका छन्। निर्वाचन आयोगको सूचना प्रणालीमा बिहीबार साँझसम्म प्रविष्ट भएको परिणामअनुसार तीन वटा पालिकामा प्रमुख र उपप्रमुख दुवै जना महिला निर्वाचित भएका हुन्। त्यसमध्ये झापाको गौरीगञ्ज गाउँपालिका प्रमुखमा नेपाली कांग्रेसकी फूलवती राजवंशी र उपप्रमुखमा नेकपा (एमाले)की पुजन न्यौपाने कुँवर निर्वाचित भएका हुन्।

यस्तै दैलेखको भैरवी गाउँपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा महिला निर्वाचित

क्रमशः अन्तिम पृष्ठमा

# थोराङ्पासको शिखर चुम्दा



**समय-सन्देश**
**डा. डीबी सुनुवार**

आजको यात्रा विशेष प्रकारको छ किनभने याकखर्कमा बस्ने ठाउँ नमिलेकाले चुली लेडरमा बस्नु पर्नेछ, जुन ठाउँको उचाई चार हजार दुई सय मिटर छ। स्वास्थ्यका हिसाबले अलि चिन्ताको विषय थियो त्यो। 'गोराहरूले थाम्न सक्लान् के त्यो उचाईलाई ?' गन्‌गन् गर्दै थिए सरदार अगस्त दाइ।

हिमालपारिको आजको यात्रा विशेष अनौठो लागिरहेको छ मलाई। चौंरीहरू डाँडामाथिबाट हुर्रिएर तल झर्दै थिए। हिमाली बाख्राहरू धुलो उडाउँदै सिँगौरी खेल्दै थिए। फनक्क फर्केर पछाडि हेर्दा आहा! क्या राम्रो तिलिचो हिमालको दृश्य। समूहका सबैलाई एकै छिनका लागि अवरोध गर्दै दुई-तीन 'क्लिक' हानिहाल्यौं। याकहरू कराउँदै जुध्नका लागि तयार भएका थिए। बटुवाहरू होसियारीका साथ चारैतिर आँखा घुमाएर अघि बढ्दै थिए। अगस्त दाइ भनिरहेका थिए- 'हप्ता दिनभित्र यहाँको मौसम खराब हुने सङ्केत हो यो।'

दुई बजे नै उठेर हामीले भारी मिलाइसकेका छौं। आजको कठिनाइपूर्ण हिँडाइका लागि सरदारले विशेष सतर्कतापूर्ण तरिकाबाट हिजोदेखि नै सजग बनाइरहेका थिए- 'अरू दिनको भन्दा विशेष प्रकारले हाई र जाडो छल्ने, विशेष प्रकारका कपडा लगाउनु पर्नेछ।' सारा तयारीका साथ आफ्ना भारी लिएर, सबैको शिरमा लाइट बालेर, एक-एक पाइला आकाशतिरको उचाईतिर उक्लिन तम्तयार भयौं।

हामीभन्दा अघि कोही मानिस गएको हुनुपर्छ। तर, हाम्रो मध्यमस्तरको गतिअनुसार अरूले एक घन्टामा तय गर्ने बाटो हाम्रा लागिड डेढ घन्टाको हुने रहेछ। 'समय, उचाई र हावाको दबावलाई अति सजगताका साथ विचार गरेर हिँड्नुपर्छ

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ४१, जेठ १३ गते शुक्रबार, २०७९

## सम्पादकीय

# सदन सक्रिय नै राख : राष्ट्र र जनताप्रतिको दायित्व निभाऊ

एकै कार्यकालमा दुई-दुई पटक विघटन, लामो समयसम्म मुद्धा-मामिला र झमेला अनि पुनर्स्थापनापछि समेत अनावश्यक र असान्दर्भिक अत्तो थापेर महिनौंसम्म अवरोधको बीचबाट गुज्रेको प्रतिनिधिसभा अहिले भने केही सक्रियजस्तो देखिएको छ। स-साना असन्तोष, असान्दर्भिक र अनावश्यक बहानाबाजी तथा व्यक्तिगत-गुटगत महत्त्वाकाङ्क्षाका कारण सदनलाई अवरोध पुऱ्याइनु राष्ट्रिय अपराध हो। अब कोही-कसैले त्यसो नगरोस्।

पाँच-पाँच वर्षसम्म जनताको रगत-पसिनाद्वारा संकलित राजश्वबाट तलब-भत्ता खाएर जनताका पक्षमा माखो नमारेका सांसद्हरूले अबको बाँकी कार्यकालमा त्यसको क्षतिपूर्ति गर्न त सक्दैनन् नै; यद्यपि चाङ लागेर बसेका विधेयकहरू अघि बढाउने, अड्किइरहेका अनेकौं कामकाज फुकाउने र सङ्लो वातावरण बनाएर प्रदेशसभा-प्रतिनिधिसभाको चुनाव सम्पन्न गराउने कार्यमा भने यो सदनले सरकार र सरोकारवाला निकायहरूलाई यथेष्ट सघाउन सक्दछ। आफ्नो दायित्व र राष्ट्र तथा जनताका मामिलालाई केन्द्रमा राखेर शीर्ष नेतृत्व, संसद्का पदाधिकारी एवम् सांसद्हरूले अहोरात्र काम गरून्।

उसै पनि 'संसद् र संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठग पसले हुन्' भन्ने आरोप लागिरहेकै छ। झन् त्यसमाथि ठूला भनिएका दल र सांसद्हरूले नै त्यही कुराको चरितार्थ गरिदिने कर्म गरेपछि जनताले के बुझ्छन् ? आफूलाई चाहिने बजेट र तलब-भत्ताको बाटो फुकाउनका निम्ति मात्रै संसद् चल्न दिने अनि जनताका माग, मुद्धा र एजेन्डामा छलफल सुरु हुने संकेत देखिनासाथ सदन अवरुद्ध पारिहाल्ने हर्कतले के सन्देश दिन्छ ? सरोकारवालाहरूको घैंटामा घाम लागोस्!

## थोराङपासको...

नि'- सरदार दाइ पटक-पटक सम्झाइरहेका छन्। हामीमध्येका एक जना चाहिँ उक्लन सक्दैनन् कि भन्ने उनलाई हिजोदेखि नै ठूलै पीर थियो। त्यसमाथि हिजोको डिनरमा पनि कमजोरी भयो भन्ने उनलाई लागेको थियो।

हामी करिव आधा घन्टा उक्लिसकेका छौं। फेदीको होटल अब निकै तल परिसक्यो। के तल परिसक्यो भन्नु ! हामी नै माथि आइसकियो भन्नुपर्ला।

तलबाट सुइँय्य सिट्टी बजाउँदै उक्लने तयारी गरेर हिँडेको जानकारी दिएजस्तो छ। ताराहरू गन्न सकिने गरी नजिकै देखिन्छन्। फौजी लस्करमा एकले अर्काका पाइलालाई पछ्याउँदै एक सुरमा एउटाले अर्कोलाई उज्यालो देखाउँदै एकै तालमा जुत्ताका तलुवा कतै चुच्चो कतै गोलो ढुङ्गाको टाउकामा टेक्दै पाँच हजारको उचाईतिर नजिकिँदै छौं। हामीलाई सरदारले सकेसम्म बत्ती नबालेरै हिँड्दा झन् राम्रो हुने सुझाव दिइरहेका थिए। तर, त्यसो गरेका चाहिँ थिएनौं। हामीलाई उछिन्ने क्रममा एक हुल सहायकहरू 'बत्तीले आँखा बिगार्छ, एक छिन निभाइदिनुहोला' भन्ने अनुरोध गरे। त्यसै गर्नुपर्ने रहेछ भनेर मैले पनि बत्ती बाल्न छाडें।

केही क्षणपछि मिर्मिर उज्यालोमै खुट्टाले टेक्न सक्ने गरी बाटो देखिन थाल्यो। नागबेली आकारमा उक्लिरहेका घोडेटा बाटाहरू। सास फेर्न अलि असजिलो जस्तो लागेको छ मलाई। अरूलाई सोध्ने अवस्था पनि थिएन। लामो लामो सास फेर्दै र प्राणायाम गर्दै जेनतेन इज्जत धान्ने काम गरिरहेको छु। फेदीबाट सँगै हिँडेकामध्ये हिँड्न सक्नेहरू हिजै हाई-क्याम्पमा पुगेर बसेका थिए।

करिव एक घन्टामा, मुख्य उचाईको नजिकै पुग्न लाग्दा घाँटी (भन्ज्याङ) मा बिसौनी रहेछ। त्यहाँ पुगेपछि सरदारले सुस्ताउन आदेश दिए। म र भाइ निमालाई भने तातो कफी बनाउने आदेश दिन अघि जान अह्राए।
केही बेर सुस्ताउनै नपाईकन हामी दुईले फेरि ठाडै उकालो सुइँकुच्चा लगायौं। तन्केर उक्लँदा-उक्लँदा छाती फुट्लाजस्तो भएको छ। पारिपट्टि अलि-अलि बत्ती बलेको देखियो। हाई-क्याम्पको होटलमा आइपुगियो भनेर खुशी भएँ। तर, अझै पनि निकै उक्लनैपर्ने पो रहेछ।

सास पातलो गर्दै, हजार मिटरको दौड पार गरेर सीमानामा पुगेको धावकजस्तै गरी बल्लतल्ल हाई-क्याम्पको होटलमा आइपुगियो। सात कप कालो कफी बनाउने आदेश दियौं। मैले रेशी मसरुम पाउडर र लिञ्जी कफी पनि बोकेर हिँडेको थिएँ। त्यसलाई कालो कफीमा मिसाएर पिउने विचार गरें। साथीहरू आइपुगुन्जेलसम्ममा भने हाम्रो सास फेराइ केही सामान्य भएको छ। गोराहरू लखतरान भएर आइपुगेका रहेछन्। सबैका लागि कालो कफी र बिस्कुट तयार पारी राखिदिएका थियौं। करिव दस मिनेटमा त हिँडिहाल्नु पर्नेछ किनभने सरदार उक्साउँदै थिए- 'समयमै उकालो काटिसक्नुपर्छ नत्र हावाका कारण उक्लन साह्रै गाह्रो हुन्छ। फेरि घोडा वा याक भाडामा लिनुपऱ्यो भने सय डलर लाग्छ।' हामी भने सकेसम्म त्यसो गर्नु नपरोस् भन्नेमा छौं।

उक्लनका लागि आ-आफ्ना झोला बोकेर लामबद्ध भयौं। भुक्भुक् उज्यालो पनि भएको छैन। त्यस होटलमा बसेका अरुहरू हिँड्ने तरखरमा छन्। एकपछि अर्को गर्दै, माथि-माथि आकाशतिर उक्लिई नै रह्यौं। थोराङ्पासको नजिक-नजिक; एक करले, एक बलले अघि बढी नै रह्यौं।

हामीभन्दा निकै पछि हिँडेका गोराहरू हामीलाई उछिन्न 'एक्सक्युज' मागिरहेका बेला हामी उनीहरूको बहादुरीलाई कम आँकिरहेका थिएनौं। बरु उक्साइरहेका थियौं- 'वेल डन, किप इट अप' भनेर। अब झिसमिसे हुन लागेजस्तो छ। पछिका धेरै समूहले हामीलाई उछिनिसकेका छन्। एक-दुई समूह भने हाम्रा साथ नै अघि बढिरहेका छन्। अब टी-हाउसमा पुग्ने तरखरमा छौं भनेर जानकारी आयो। त्यो यस्तो चौतारी हो, जहाँ बसेर करिव दुई घन्टा उकालो हिँड्दाको थकाइ मार्ने काम हुन्छ।

हामी 'समिट' को नजिक पुगिरहेका छौं। अब घाम झलमल्ल भैसकेको छ। दुई पहाडका बीचको कापबाट निस्किएको सूर्य माथि पुगिसकेको छ र एकटक हामीतिरै हेरेर मुसुमुसु हाँसेको छ।
ओहो ! कति मनोरम। आफ्ना सामान र झोला मिलाउँदै उकालो लाग्छौं निरन्तर, थोराङ्पासको अन्तिम विन्दुलाई छुन; जो हरेक नयाँ यात्रुका लागि कौतुहलताको विषय हुने गर्छ।

समूहका गोरालाई घोडा वा याक चढाएर पार तार्नुपर्छ कि भन्ने बडो चिन्ता थियो सरदारलाई। कतिपय गोराहरू समूहलाई छाडेर अघि बढिसकेका छन्। सबैलाई सम्हाल्नुपर्ने चटारो। यतिबेला निकै विवेकले काम लिनुपर्ने छ। तिलक र निमा भाइ सबैभन्दा पछाडि पाइला गन्दैछन्।
मैले भने गानोदर्माको कफी कालो चियामा मिसाएर पिएकाले ऊर्जाको कमी महशुस भएन। पाइलैपिच्छे बालुवामाथि बग्ने खाले गोलाकार ढुङ्गाहरू। सम्हालिनुपर्ने हिँडाइ थियो। निधारबाट तरतर पसिना चुहाउँदै बलिया-बाङ्गाहरू पासको विन्दु छुन खोजिरहेका छन्।

एक-एक सासको दम भर्दै हामी पनि पाइला गन्दै छौं।
अगाडि पुग्नेहरूले हामीलाई स्वागतका हात हल्लाइरहेको प्रस्ट देखिन थालेको छ।
एक-अर्काले 'यस्', 'वेल-डन्', 'कङ्ग्राचुलेसन्स्' जस्ता शब्दमार्फत एक-अर्कालाई उत्प्रेरित गरिरहेका छन्। वातावरण यस्तो छ- मानौं, हामीले विश्वको सर्वोच्च शिखर सगरमाथाकै पो सफल आरोहण गरेका छौं !

भित्र-भित्रसम्म छेड्ने गरी हावाको सिरेटो चलेको छ, जसको प्रभावले गर्दा घामको उपस्थितिकै अर्थ थिएन। यतिबेला हामी पाँच हजार चार सयभन्दा माथिको उचाईमा पुगेका छौं।
मैले पनि एक जना गोरालाई माथि पुग्न सहयोग गरिरहेको थिएँ। हातमा हात मिलाएर एक-अर्कालाई सहयोग गरी नै रहेका थियौं; त्यस अविस्मरणीय क्षणमा। हाम्रा ऐतिहासिक गर्विला पाइला शिखरको अन्तिम विन्दुमा पुग्ने बेला हाम्रो समूहका साथीहरू क्यामराको 'क्लिक' मार्दै विजय-अभिवादन गर्दैछन्।

मलाई याद आइरहेछ- कक्षा आठमा पढ्दा 'वीरेन्द्र शिल्ड' प्रतियोगितामा धावनमा प्रथम हुँदा रातो रिबन पार गरेको।
मानौं, विश्व ओलम्पिकमा प्रथम धावकले रिबन पार गरेपछि पाइने बधाई हो, यो सफल आरोहण !

## लेनिन पछिल्लो...

गरियोस् भनी म पार्टीका साथीहरूसित माग गर्दछु। महासचिवको पदमा नयाँ साथीको भर्ना गरियोस्। पार्टीको महासचिवले आम साथीहरूप्रति बढी बफादार, धैर्यशील, विनम्र, स्नेहशील तथा छलरहित रहनु पर्नेछ भन्ने मेरो आग्रह छ।'

१५ मे १९२३ मा लेनिनको जीवनका अन्तिम दिनहरूमा लिइएको तस्वीर। साथमा बहिनी अन्ना इलिनिचना येलिजारोवा र लेनिनको उपचारमा खटिएका चिकित्सकहरू मध्ये एक ए.एम. कोजेवनिकोव।
यति मात्र होइन। स्टालिन महामन्त्री रहेमा उनले पार्टीभित्र गुट तथा फुटको सृजना गर्ने छन् भन्ने लेनिनको आशंका थियो। नभन्दै छिटै नै लेनिनको आशंका चरितार्थ भयो। लेनिनको देहान्त भएको २-४ वर्ष भित्रमा नै रुसी कम्युनिस्ट पार्टी भीषण गुटबन्दी तथा फुटको शिकार भयो।

यस किसिमको इच्छा-पत्र वा वसीयतनामा लेख्नु लेनिनका निमित्त सजिलो कार्य थिएन। पोलिटब्युरो तथा स्टालिनले लेनिनलाई बोल्न तथा लेख्न पनि रोकेका थिए। भन्न त, डाक्टरी सल्लाहका अनुसार नै लेनिनका उपर यस किसिमको प्रतिबन्ध लगाइएको थियो। तर, डाक्टरहरू स्वयं रुसका तत्कालीन सत्ताधारीका खैरख्वाह थिए। डाक्टरहरू स्टालिनका डरले थरथरी थिए। डाक्टरहरू त्यही भन्थे, जो 'पार्टी' चाहन्थ्यो।

त्यसैले लेनिनले यसरी प्रतिबन्धमा बस्न भने मानेनन्। लेनिनले त्यहाँ विद्रोह गरे। लेनिनले दवाई खानबाट इन्कार गरे। बाहिरी संसारसित मलाई पत्राचार गर्न नदिइएमा म दवाई नै खान्न भनी लेनिनले अड्डी लिए। लेनिनको यस अड्डीका सामु डाक्टरको केही लागेन। स्टालिनको केही लागेन। पार्टीको केही लागेन। आखिर लेनिनले दिनको १० मिनेटसम्मका दरले लेखाउन पाउने भए। (हेर्नुस, ःयकजभ ीभधष्ल-ीभलष्ल'क ीबकत क्तचगननभि)

लेनिन स्वयं आफू लेख्न असमर्थ थिए। उनको हात चल्दैन्थ्यो। पार्टीद्वारा खटाइएका निजीसचिव तथा उनकी पत्नी क्रुप्सकायाका सहायताले लेनिनले आफ्नो इच्छा-पत्र तयार गरे। तर, तिनताका लेनिनले इच्छा-पत्र मात्र लेखेनन्। तिनताका लेनिनले लेखाएका अनेक लेख तथा टिप्पणी उपलब्ध छन्। हुन सक्छ लेनिनका तिनताकाका सम्पूर्ण लेखन अझै हामीले देख्न पाएका छैनौं। तर, जो देखेका छौं, त्यो मात्र पनि अति सारयुक्त तथा महत्वपूर्ण छन्।

रुसको तत्कालीन परिस्थितिका बारे लेनिनको विचार के थियो भन्ने कुरा ती लेख तथा टिप्पणीबाट छर्लङ्ग हुन्छ। रुसी जनतासित आफूले गरेको वाचा पूरा गर्न सकिएन भन्ने पछुतो लेनिनले व्यक्त गरे। लेनिनले स्पष्ट लेखे- 'रुसका श्रमिक वर्गसित आफूले गरेको वादा मैले पूरा गर्न सकिन। म यो अपराध स्वीकार गर्छु।' यसक्रममा नै उनले स्टालिन तथा जेरेजिसिंस्कीको अनेकौं पटक फेरी कठोर आलोचना गरे।

भन्नु परोइन, लेनिनको यस किसिमको टीका-टिप्पणी तथा पत्राचार स्टालिन एवं तत्कालीन मन्त्रिमण्डलका निमित्त कदापि सुखद तथा सुविधाजनक थिएन। पार्टीको आगामी अधिवेशन सननिकट थियो। त्यस अधिवेशनलाई मध्यनजर राखेर लेनिन आफ्ना टिप्पणी तथा पत्र तयारी गर्थे। आफूले तयारी गरेका कतिपय टिप्पणी तत्काल पार्टी प्रेसमा 'प्राब्दा'मा छापियोस भन्ने लेनिनको जिद्दी थियो। स्टालिनसित लेनिन झन्-झन् विपरीत हुँदै गएका थिए। उता अरु साथीहरू विशेष गरेर ट्राटस्की र बुखारिनसित भने लेनिनको सम्पर्क बढेको थियो। स्वयं लेनिनकी पत्नी नजेदा क्रुप्सकाया पार्टीको सम्मानित नेतृ थिइन्। क्रुप्सकाया लेनिनसित साइबेरिया गएकी थिईन। क्रुप्सकाया लेनिनसित निर्वासनमा गएकी थिईन। लेनिनप्रति उनको प्रेम अनन्य थियो। र, पार्टी तथा समाजवादप्रति उनको निष्ठा त्यस्तै असंदिग्ध थियो। निजी जीवनमा उनको कुनै महत्वाकांक्षा थिएन। उनको बौद्धिक क्षमता तथा समझदारी पनि उच्चकोटीको थियो।

पार्टी तथा क्रान्तिको कमजोरी उनीबाट छिपेको थिएन। लेनिनको तत्कालीन चिन्ता तथा छटपटीप्रति उनको पूर्ण सहानुभूति थियो। ती अन्तिम दिनमा लेनिनको राजनीतिक संघर्षमा उनले साथ दिइन। लेनिनले क्रुप्सकायाका माध्यमबाट कतिपय विश्वसनीय साथीहरूसित सम्पर्क गर्न चाहे। स्वभावतः यो कुरा स्टालिनले थाहा पाए। स्टालिन आगो भए।

पार्टी जीवनका दृष्टिले पनि क्रुप्सकाया स्टालिन भन्दा धेरै नै वरिष्ठ कामरेड थिइन। लेनिनकी सहधर्मिणीका नाताले फेरि उनको बेग्लै मर्यादा थियो। तर, स्टालिनले यस मर्यादासमेतको निर्वाह गरेनन्। बेलाबखतमा स्टालिन र क्रुप्सकायाका बीच नराम्रो विवाद हुन थाल्यो। एक दिन स्टालिनले क्रुप्सकायाको अपमान गरेको लेनिनले थाहा पाए। लेनिनको सक्रिय जीवनका मात्र तीन दिन शेष थिए। ५ मार्च १९२३ का दिन लेनिनले स्टालिनलाई एक कडा पत्र लेखे। पत्रको प्रतिलिपि जीनोवियव र कामेनेवलाई पनि पठाए। पत्र यस प्रकार थियो- 'तिम्रो अभद्रताले सीमातिक्रमण गरेछ। मेरी पत्नीलाई टेलिफोनमा बोलाई तिमीले दुर्वचन भनेछौ। तिम्रो त्यत्रो आँट भएछ। मेरी पत्नी सज्जन छिन्। उनीले यस घटनालाई बिर्से पनि म भने तिमीलाई सजिलै क्षमा गर्ने छैन। 'तिमीले के खोजेको हो, तिमीसित मैले त्यस्तै व्यवहार गर्ने हो। तत्काल तिमीले स्वयं विचार गरी सूचित गर। तिम्रो माफीनामा तत्काल नपठाउन्जेलसम्म यसै पनि तिमीसित मेरो सम्बन्ध विच्छेद भयो भन्ने मेरो अठोट छ।' (हेर्नुस, क्भभिअतभम ध्यचपक ख्यिःि घ ःयकअयध, ज्ञढठट)

जोसेफ स्टालिनका साथमा लेनिन।

यो पत्र पाउँदा स्टालिनको दशा के भयो होला। हामी सजिलै अनुमान लगाउन सक्छौं। यसै पनि लेनिनका अघि परी विरोध गर्ने स्टालिनको हिम्मत थिएन। पार्टीमा प्रभाव र प्रतिष्ठाका दृष्टिले लेनिनका सामु स्टालिनको केही हस्ती थिएन। स्टालिनले क्रुप्सकायासित सविनय माफी मागे। सो माफी-पत्र भने अझै प्रकाशित भएको छैन।


त्यस किसिमका धेरै पत्र तथा दस्तावेज अरु पनि अप्रकाशित छन्। रुसी कम्युनिस्ट पार्टीको २०औं महाधिवेशनअघि लेनिनको इच्छा-पत्रको आधिकारिक प्रतिलिपिसमेत उपलब्ध थिएन। २०औं अधिवेशनमा ख्रुश्चेवले स्टटालिनका धेरै कमजोरी तथा अपराधको रहस्योद्धाटन गरे।

त्यसक्रममा नै माथि उदृत इच्छा-पत्र र लेनिनका केही अन्य टिप्पणी आधिकारिकरूपमा मास्कोमा छापिए। त्यसअघि गाइँगुइँ सुनिन्थ्यो। लेनिन स्टालिनसित क्षुब्ध थिए भनी लीओन ट्राटस्कीले लेखेका थिए। तर, यकिन कुरो यही हो भनी भन्न गहे थियो। लीओन ट्राटस्कीका कतिपय वक्तव्यमा स्पष्टः अतिशयोक्ति तथा निजी शत्रुभाव उपस्थिति छन्। लीओन ट्राटस्कीले त कहाँसम्म भने लेनिनको हत्या गरिएको भन्नेसम्म पनि लेखेका छन्। स्टालिनले लेनिनलाई विष खुवाएर मारे भन्ने ट्राटस्कीको दृढोक्ति छ।

तर, ट्राटस्की आफ्नो आरोपको पक्षमा विश्वसनीय प्रमाण पेश गर्न सक्दैनन्। त्यो सत्य हो कि पछि स्टालिनले धेरै साथीहरूको हत्या गरे। तर, ती पछिका कुरा हुन। सन् १९२३ मा लेनिनको हत्या गर्ने स्थितिमा स्टालिन थिए भन्न सकिँदैन। लेनिनको मृत्युअघि नै स्टालिन र लेनिनका बीच सबै सद्भाव र विश्वास भने समाप्त भइसकेका थिए। यो सत्य हो, लेनिन बाँचेका भए स्टालिनको राजनीतिक पतन अनिवार्य थियो। ६ मार्चका दिन स्वयं क्रुप्सकायाले यसै आशयको कुरा कामेनेवसित गरेकी थिईन। तर, यति हुँदाहुँदै पनि विष र हत्याको कथा भने विश्वसनीय छैन।

*क्रमशः अन्तिम पृष्ठमा*

# लेनिन पछिल्लो समयमा के चाहन्थे ?



विचार-दृष्टिकोण

प्रदीप गिरि

वास्तवमा भन्ने हो भने सन् १९२१ को मध्येदेखि नै लेनिनमा अस्वस्थताका लक्षण देखिन थालेका थिए। ७ डिसेम्बर १९२१ का दिनमा उनले पोलिटब्युरोलाई निकै बिसन्चो भएको खबर पठाएका थिए। सन् १९२२ का प्रारम्भिक महिनामा उनी धेरैजसो विश्राममा रहे। मार्च-अप्रील १९२२ मा पार्टीको ११औं महाधिवेशन भयो। तिनताका पनि लेनिन पूर्ण स्वस्थ थिएनन्। उद्घाटन भाषण, समापन भाषण र राजनीतिक प्रतिवेदनमा उनको गतिविधि सीमित रह्यो। सम्मेलन स्टालिन, जीनोवियव तथा कामेनेवको संयुक्त नेतृत्वमा सम्पन्न भयो। सम्मेलनमा नयाँ केन्द्रीय समितिको निर्वाचन भयो। नयाँ केन्द्रीय समितिले स्टालिनलाई महासचिवको पदमा नियुक्त गर्‍यो। ट्राटस्कीले लेखेका छन्- लेनिनलाई यो नियुक्ति पटक्कै मन परेको थिएन।

मार्च १९२२ को पुछारतिर लेनिनले अति तीव्र कपाल दुखेको शिकायत गरे। तिनताका उनको बसोबास मास्कोनिरको एउटा गाउँमा थियो। उनको स्थितिमा विशेष सुधार भएन। २१ मई १९२२ का दिन उनी प्रचण्ड पक्षाघातका शिकार भए। उनको सम्पूर्ण दायाँ अंङ्ग यसबाट प्रभावित भयो। उनको दाहिने हात र खुट्टा चलल्ने भए। बोली लर्बरिन थाल्यो। जुलाईमा गएर उनको अवस्था केही सप्रियो। तैपनि उनी आफिस भने जान सकेनन्। अक्टुबर १९२२ मा उनी बल्ल आफिस जान थाले।

अप्रत्यासित बिरामीले लेनिनको मानसिकतालाई बेस्सरी हल्लाएको थियो। आफ्ना साथीहरूसित उनी अक्सर आफ्नो बिमारीको कुरा गर्थे। छिटै स्वास्थ्यलाभ गरेकोमा लेनिन प्रफुल्ल थिए। तर, हिजोको आफ्नो दयनीय अस्वस्थताको स्मरणले लेनिन विचलित देखिन्थे। (हेर्नुस, My Life– Leon Trotsky) आफ्ना वरिपरिको वस्तुस्थितिलाई लेनिन बेग्लै नजरले हेर्न थालेका थिए।

झण्डै ६ महिनाको अवकाश पछि उनी कार्यक्षेत्रमा फर्केका थिए। अवकाश एवं अन्तरालले लेनिनलाई पुनरावलोकनको अवसर प्रदान गरेको थियो। दैनिक कार्यको व्यस्तता तथा तुमुलनादमा हिजोसम्म सोच्न नभ्याइएका धेरै प्रश्नप्रति यसबीच लेनिनको दृष्टि पुग्यो। काममा फर्कनासाथ लेनिनले आफ्ना चिन्ता व्यक्त गर्न थाले। रुसका तत्कालीन मुख्य समस्या के थिए, सो लेनिनको नजरबाट उम्केनन्। सोवियत रुस त्यस समय तीनवटा बिल्कुलै भयङ्कर बेथाका मुखमा उभिएको थियो। लेनिनले ती बेथालाई चिने। बेथा यस प्रकार थिए- (१) गैर-रुसी जातीयता (ल्बतष्यबतष्यल) को स्वयत्तता र आात्मनिर्णयको प्रश्न। (२) नोकरशाहीको बढ्दो विकृति र वर्चश्व। (३) नव-नियुक्त महासचिवका हातमा अनावश्यक शक्तिको केन्द्रीकरणको खतरा। ठीक उपर्युक्त कारणले रुसी क्रान्ति स्टालिन युगमा लक्ष्यभ्रष्ट भयो। लेनिनको निदान (म्ष्बनलयकष्क) आश्चर्यजनकरूपले सटीक थियो। तर, उपचार गर्न भने लेनिनले भ्याएनन्।

तिनताका रुसमा सोवियत संविधानको रूपरेखा तयार गरिँदै थियो। गैररुसी जातिको अधिकारलाई संविधानमा कसरी पेश गर्ने भन्ने प्रश्न उठेको थियो। गैररुसी जातिसित सम्बन्ध राख्ने जिम्मा स्टालिनलाई दिइएको थियो। लेनिनले यस सम्बन्धमा सुरुदेखि नै स्टालिनको आलोचना गरेका थिए। लेनिनले यस सम्बन्धमा अरु साथीहरूलाई लेखेको पत्र अझै पढ्न सकिन्छ। नोकरशाहीको समस्या पनि यसैसँग सम्बन्धित थियो।

तिनताका झण्डै आफ्ना प्रत्येक भाषणमा लेनिनले नोकरशाहीको तीब्र आलोचना गर्थे। जारशाहीका सारा पुराना कारिन्दा सोवियत नोकरशाहीमा बहाल हुन पुगेका थिए। यस तथ्यले लेनिन अत्यन्त चिन्चित थिए। यस विषयमा उनले ट्राटस्कीसित गरेको कुराकानीको उल्लेख ट्राटस्कीको आत्मकथामा पाइन्छ। ट्राटस्की र स्टालिनका बीच मधुर सम्बन्ध थिएन। लेनिनले स्टालिनको बृद्धिशील शक्तिलाई सन्तुलित गर्न तिनताका ट्राटस्कीलाई विशेष प्रोत्साहित गरेको देखिन्छ। लेनिका तिनताकाका पत्र र टिप्पणीबाट यो कुरा जाहेर हुन्छ। तर, ट्राटस्कीले पनि लेनिनको भरोसा पूरा गर्न सकेनन्। महासचिव जोसेफ स्टालिनको सत्ता र प्रभुतामा प्रतिबन्ध लाग्न सकेन।

१३ डिसेम्बर १९२२ का दिन लेनिनलाई पक्षाघातले फेरी पछार्‍यो। यसपटकको हमला झन् तीव्रतर थियो। निरन्तरको बेचैनी तथा तनाव निश्चित रूपले यस हमलाका निमित्त उत्तरदायी थियो। बेचैनीले लेनिनलाई रोगी बनायो। रोगले उनलाई झन बेचैन बनायो। यसपटक थला परेपछि लेनिन फेरि तँग्रेनन्। पूरा एक वर्ष, अझ बढी नै उनी ओछ्यान परे। आखिर त्यतैबाट नै २२ जनवरी १९२४ का दिन उनको देहान्त भयो। लेनिनका बिमारीका यी तिथिहरू विशेष विचारणीय छन्। यी तिथिहरूमा लेनिनको अन्तिम कठिनतम तथा मर्मान्तक संघर्षको इतिहास निहित छ।

१३ डिसेम्बर १९२२ को पक्षाघातपछि एउटा अद्भुत घटना भयो। झट्ट हेर्दा यो एउटा सामान्य घटना देखिएला। तर, यस सामान्य घटनाले लेनिनको असामान्य व्यक्तित्वको स्पष्टीकरण गर्छ। त्यस दिन अर्थात १३ डिसेम्बरका दिन लेनिन नराम्ररी थरा परे। लेनिनको रोग बल्झिएको थियो। यो निश्चय चिन्तनीय कुरा थियो। लेनिनको स्वास्थ्य उनको निजी चिन्ताको कुरो थिएन। लेनिनको स्वास्थ्य समस्त रुसी श्रमिकको साझा समपत्ति थियो। त्यसो हुँदा रुसी कम्युनिस्ट पार्टीले लेनिनको स्वास्थ्यका बारे विशेष चासो देखाउनु विलकुलै स्वाभाविक थियो। तर, रुसी कम्युनिस्ट पार्टीले रुग्ण लेनिनको गतिविधि पूर्ण नियन्त्रणमा राख्ने निधो गर्‍यो। 'पार्टीको अनुमति बेगर कसैले लेनिनलाई भेट्न पाउने छैन' भनी पार्टी पोलिटव्युरोले निधो गर्‍यो। जनरल सेक्रेटरीका हैसियतले स्टालिन लेनिनको दिनचर्याका निरीक्षक र नियन्त्रक भए।

स्टालिनको अनुमतिबेगर अब कसैले लेनिनलाई भेट्न पाउँथेनन्। भन्न त लेनिनको रुग्णावस्थालाई मध्यनजर राखेर नै यस्तो प्रतिबन्ध गरिएको हो भन्ने भनाई थियो। तर, हुँदाहुँदै यस प्रतिबन्धले नराम्रो रूप लियो। १३ डिसेम्बरको पक्षघातपछि करिब एक हप्तापछि लेनिन फेरी अपेक्षाकृत समर्थ भए। तर, प्रतिबन्ध यथावत रह्यो। लेनिन सोह्रैआना राजनीतिक प्राणी थिए। अलिकति तँग्रिनासाथ तत्कालीन राजनीतिक बस्तुस्थितितर्फ उनको ध्यान गयो। थला पर्नुअघि लेनिन तत्कालीन रुसी महासचिव जोसेफ स्टालिनको क्रियाकलापप्रति अति संवेदनशील हुन पुगेका थिए।

महासचिव जोसेफ स्टटालिनको कार्यप्रणाली र जातीय नीतिको लेनिन कटु आलोचक भएका थिए। स्टालिनले पनि लेनिनको मनस्थितिको सुइँको पाएका थिए। लेनिनपट्टिबाट स्टालिन आश्वस्त थिएनन्। स्टालिन पार्टीका महासचिव अवस्य थिए, तर लेनिन पार्टीका संस्थापक, अतुलनीय एवं पितृतुल्य नेता थिए। लेनिनले चिताएको खण्डमा स्टटालिनको सम्पूर्ण राजनीतिक शक्ति र प्रभाव लत्क्षण समाप्त हुने थियो। स्टालिनलाई यो कुरो थाहा थियो।

ठीक त्यस्तै बेलामा स्टटालिन रोगी एवं अशक्त लेनिनका निरीक्षक हुन पुगे। लेनिनको राजनीतिक सक्रियता स्टालिनका निमित्त सर्वथा खतरनाक थियो। निहुँ त रोगको भयो तर रागको निहुँ पारी स्टालिनले लेनिनको प्रत्येक गतिविधिमा पूर्ण प्रतिबन्ध लगाए। शारीरिकरूपले अशक्त भए पनि मानसिकरूपले तिनताका लेनिन बिलकुलै चङ्गा थिए। अलिकति तँग्रिनासाथ लेनिनले स्थिति बुझे।

लेनिनले स्टालिनको षडयन्त्र करिबकरिब बुझे। तर, लेनिन लाचार थिए। स्टालिन एक सामान्य मानिस मात्र थिएनन्। उनी पार्टीका महासचिव थिए। त्यति मात्र होइन, पार्टीको पोलिटटब्युरोले स्टालिनलाई लेनिनको 'निरीक्षक' नियुक्त गरेको थियो। स्टालिनको नियन्त्रण बस्तुतः पार्टीको नियन्त्रण थियो। सिद्धान्ततः लेनिन स्वयं यस किसिमको नियन्त्रणका हिमायती थिए। व्यक्तिगत जीवनका यावत पक्षका उपर पार्टीको नियन्त्रण रहनु पर्छ भन्ने खुद लेनिनको आग्रह थियो।

तदनुरूप, आफैं लेनिन यसपटक पार्टीको नियन्त्रणमा परेका थिए। स्टालिन त्यस पार्टीको प्रतिनिधि थिए। पार्टीको एउटा बफादार सदस्यका हैसियतले लेनिन स्टालिनको नियन्त्रणको अवज्ञा गर्न असमर्थ थिए। (हेर्नुहोस, ीभलष्लक ीबकत क्तगचगननभ- ःयकजभ ीभधयल) यो एउटा अप्ठेरो स्थिति थियो। यस अप्ठेरोले लेनिनको स्थितिलाई झन दुविधायुक्त तथा त्रासद बनायो।

१३ डिसेम्बरका दिन लेनिन ओछ्यानमा परेका थिए। लगभग त्यसै दिनदेखि उनी पोलिटब्युरो अर्थात स्टालिनको निरीक्षणको नियन्त्रणका रोगी भएका थिए। तर, मात्र १२ दिनपछि अर्थात २५ डिसेम्बर १९२२ का दिन लेनिनले पार्टीका नाममा यस प्रकार लेखेः 'कामरेड स्टालिन जनरल सेक्रेटरी भएका छन्। जनरल सेक्रेटटरीका रूपमा उनका हातमा असीमित सत्ता केन्द्रीत भएको छ। तर, यस असीमित सत्ताको उपयोग कसरी गर्ने भन्ने भने स्टालिनलाई थाहा छैन जस्तो छ।'

स्टालिनका बारे गरिएको यो मुल्यांकन सन्दर्भहिन थिएन। २५ डिसेम्बर १९२२ का दिनमा लेनिनले एउटा सानो टिप्पणी लेखाए। त्यस टिप्पणीमा उलने आफ्ना सबै प्रमुख सहयोगीको मूल्यांकन गरे। इतिहासमा लेनिनको यो टिप्पणी उनको इच्छा-पत्र वा वसीयतनामाका नामले प्रसिद्ध छ। पक्षाघातको दोस्रो आघातले लेनिन निकै आत्तिएका थिए। अब आफू धेरै बाँच्दिन कि भन्ने लेनिनको शंका थियो। तर, पार्टी तथा क्रान्तिको भविष्यलाई लिएर लेनिन अत्यन्त चिन्तित थिए।

उनले रुसमा आफूले चिताए जस्तो समाजको आधारशीला मात्र पनि राख्न सकेका थिएनन्। त्यो कुरो उनलाई थाहा थियो। सोवियत क्रान्तिका नाउँमा जारशाहीको भृत्युवाद एकाएक प्रबल भएको थियो। स्वयं जोसेफ स्टालिन त्यस भृत्यवादका प्रबल समर्थक भएको देखिएका थिए। आफ्ना अन्तिम दिनका पत्र तथा सन्देशका माध्यमबाट लेनिन यस भृत्यवादसित संघर्षरत भए। उनको 'इच्छा-पत्र' यसै संघर्षको एउटा कडी थियो। ४ जनवरी १९२३ का दिन उनले आफ्नो वसीयतनामामा निम्तिलिखित पंक्तिहरू थपेः

'स्टालिन अति अभद्र स्वभावका व्यक्ति छन्। सामान्य साथीभाइका निमित्त यस किसिमको अभद्रता क्षम्य हुन सक्छ। तर, महासचिवको जिम्मेवार पद बहन गर्नु पर्ने व्यक्तिका निमित्त यस किसिमको अभद्रता सर्वथा अशोभनीय कुरा हो। तसर्थ निज स्टालिनलाई पार्टीको महासचिव पदबाट अपदस्त

क्रमशः दोस्रो पृष्ठमा



# राजनीतिक दलहरूमा युवाशक्तिको खाँचो छ : नेपाल

**मकवानपुर ।** नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले राजनीतिक दलहरूमा देशलाई जोश, जागर र आँट भएका युवाशक्तिको खाँचो भएको बताउनुभएको छ ।

सो पार्टीको मकवानपुर जिल्ला कमिटिको आयोजनामा आज हेटौँडामा पार्टीका तर्फबाट गठबन्धनका हेटौँडा उपमहानगरपालिकाको प्रमुख पदमा निर्वाचित मीना लामा, गठबन्धनका नेपाली कांग्रेसका उपप्रमुख पदमा निर्वाचित राजेश बानियाँ तथा नेकपा एकीकृत समाजवादीबाट वडाध्यक्ष र वडा सदस्यलाई निर्वाचित भएकोमा शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष नेपालले सो धारणा व्यक्त गर्नुभएको हो ।

उहाँले हेटौँडा उपमहानगरपालिका, पोखरा महानगरपालिका, रौतहट जिल्लामा भएका नगरपालिका, गाउँ पालिकालगायतका देशको अन्य तहमा पनि पार्टीका उम्मेदवार विजयी हुनुभएका पालिकामा अब योजनाबद्ध ढङ्गले जनताका अपेक्षा, सरोकारका विषयमा र विकास निर्माणका विषयमा जनतासँगनै मिलेर काम गर्न अनुरोध गर्नुभयो ।

अध्यक्ष नेपालले स्थानीय तहमा सामाजिक न्याय ,सामाजिक समानता, विकास तथा समृद्धिको उद्देश्य पूरा गर्न विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । यसैगरी नवनिर्वाचित हेटौँडा उपमहानगरपालिकाका प्रमुख लामाले निर्वाचित भएर पहिलो काम विपन्न वर्गलाइ स्वास्थ्य बीमा निःशुल्क गर्ने तथा अस्पतालमा लैजान एम्बुलेन्स निःशुल्क गर्ने व्यवस्था सुरु गरेको जानकारी दिनुभयो ।

प्रमुख लामाले अब सामाजिक सेवा ,स्वास्थ्य सेवा ,शिक्षा तथा पूर्वाधार निर्माण तर्फ विशेष ध्यान केन्द्रित गरेर काम गर्ने बताउनुभयो ।

# भक्तपुरमा मेलम्चीको पानी वितरण

**काठमाडौं ।** उपत्यकाका तीनमध्ये भक्तपुरवासीको बिहीबारदेखि मेलम्चीको पानी उपभोग गर्ने सपना पूरा भएको छ । बिहीबारदेखि भक्तपुर नगरपालिकामा मेलम्चीको पानी वितरण सुरु भएपछि त्यस नगरपालिकाका वडा नं. १ देखि ५ सम्म मेलम्चीको पानी वितरण गरिएको हो ।

जिल्लास्थित कटुञ्जेस्थित खानेपानी ट्याङ्कीबाट भक्तपुर नगरपालिकाका १ देखि ५ सम्म मेलम्चीको पानी वितरण गरिएको नगरप्रमुख सुनिल प्रजापति र काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) भक्तपुर शाखा प्रमुख सुरेन्द्र हिमालय श्रेष्ठले संयुक्त रूपमा साँचो खोली मेलम्ची खानेपानी आयोजनाको पानी वितरण सुरु गरेका थिए ।

त्यस अवसरमा नगरप्रमुख प्रजापतिले भक्तपुर नपाले खानेपानीको समस्या समाधानतर्फ सुरुदेखि आवश्यक पहल गरिरहेको र निर्वाचनमा पनि खानेपानीलाई पहिलो प्राथमिकतामा राख्दै जनतालाई जेठको दोस्रो हप्ताभित्र मेलम्चीको पानी वितरण गर्नेमा जोड दिँदै आएको स्मरण गराएका थिए ।

केयुकेएल भक्तपुरका सुरेन्द्र हिमालय श्रेष्ठले भक्तपुरका बासिन्दालाई मेलम्चीको खानेपानी वितरण गर्न सफल भएकामा गौरवान्वित महसुस भएको उल्लेख गर्दै यसले भक्तपुरमा खानेपानीको समस्या समाधान हुने विश्वास व्यक्त गरे । मेलम्चीको पानी वितरण सुरु भएसँगै स्थानीय उपभोक्ता निकै खुशी देखिएका श्रेष्ठले बताए ।

गएका २० वर्षदेखि निरन्तर पानीको समस्या खेपिरहेका खौमा, इटाछेँ, बोलाछेँ, टौमढीसहितका बासिन्दाले मेलम्चीको पानी वितरण भएसँगै नगरप्रमुख प्रजापतिलाई धन्यवाद दिएका छन् । पानी वितरण हुन थालेसँगै कतिपय ठाउँमा पाइप फुटेर पानी चुहिन थालेको र सोको तत्काल व्यवस्थामा गर्न समेत स्थानीयले माग गरेका छन् ।

# फौजी कीराले मकैको बिरुवा नष्ट गरेपछि कृषक मर्कामा

**उदयपुर ।** उदयपुरको त्रियुगा नगरपालिका क्षेत्रका केही वडामा भर्खरै हुर्कँदै गरेका मकैका पात र बिरुवा फौजी किराले नष्ट गर्न थालेपछि कृषक चिन्तित बनेका छन् ।


नगरको वडा नं १२ को पुरानो गाईघाट, वडा नं ११ को साकेला टोल तथा वडा नं १३ को असारी क्षेत्रमा अहिले फौजी किराले हुर्कँदै गरेका मकैका पात नष्ट गरेपछि बिरुवा मर्न थालेका छन् । "मकैका बिरुवाका पात सबै फौजी किराले नष्ट बनायो, बिरुवा नै मर्न थाले", त्रियुगा-१२ साधना टोलका गडुरध्वज धमलाले भन्नुभयो ।

कृषि प्राविधिकको सल्लाह र सुझावअनुसार आफूहरूले विभिन्न किटनाशक औषधि प्रयोग गरेपनि प्रकोप नियन्त्रणमा आउन नकसेको त्रियुगा-१२ बोटेटोलका कुमार रेग्मी बताउनुहुन्छ । त्रियुगा-११ साकेलाटोल र बरुवा क्षेत्रमा पनि मकैबालीमा फौजी किराको प्रकोप बढ्न थालेको स्थानीय हर्कबहादुर कार्कीले बताउनुभयो । साकेला टोल क्षेत्रमा मकैबालीमा दुई हप्तादेखि बिरुवाको पात तथा बोट फौजी किराले नष्ट गर्न थालेका छन् ।

त्रियुगा-१३ असारी क्षेत्रमा प्राविधिकको सल्लाहअनुसार विभिन्न किटनाशक औषधि प्रयोग गर्न थालेको किसानले बताएका छन् । ६ वर्षयता त्रियुगा क्षेत्रमा फौजी किराको समस्या देखिएको हो । समस्या सामाधानको उचित पहल हुन नसक्दा किसान मर्कामा पर्दैआएका छन् ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण रोक्ने कि बनाउने ?

# सर्वोच्च–सरकार जुहारी




**काठमाडौं ।** निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने कि रोक्ने भन्ने विषयमा सरकार र सर्वोच्च अदालतको जुहारी चलेको छ । सर्वोच्च अदालतले वातावरणीय दृष्टिकोणबाट निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन रोक्ने फैसला सुनाए पनि सरकारले भने निर्माणको कामलाई अगाडि बढाउने प्रतिबद्धता दोहोऱ्याइ रहेको छ ।

सर्वोच्चका न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र डा मनोजकुमार शर्माको वृहत् पूर्ण इजलासले बिहीबार उक्त विमानस्थलसम्बन्धी निर्माणसम्बन्धी विवादमा रिट जारी गर्दै निर्माण कार्य रोक्ने फैसला सुनाएको हो ।

सो विमानस्थल निर्माण गर्ने क्रममा रुख कट्ने विषयलाई लिएर विवाद सुरु भएको थियो । पूर्वसचिव द्वारिकानाथ ढुङ्गेल, रञ्जुहजुर पाँडे क्षेत्री, विजयकुमार सिंह दनुवार, पङ्कजकुमार कर्ण र वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलगायतले सर्वोच्च अदालतमा २०७६ मंसिर १७ गते रिट निवेदन दायर गरेका थिए ।

सोही रिट निवेदनान न्यायाधीश टङ्कबहादुर मोक्तानको एकल इजलासले २०७६ मंसिर २० गते तत्कालका लागि निर्माण कार्य रोकन अन्तरिम आदेश जारी गर्दै निर्माण कार्य रोक्न आदेश दिएको थियो । रिट निवेदनमा निजगढ विमानस्थलका लागि पुराना रुख रहेको जंगल विनाश गर्ने भएकाले निर्माण रोक्न माग गरिएको थियो ।

विमानस्थलको काम अघि नबढाउन सरकारका नाममा अन्तरिम आदेशलाई निरन्तरता दिँदै विपक्षीलाई लिखित जवाफ पेश गर्न भनिएको थियो । सबै पक्षको सुनुवाइपछि पछिल्लो पटक बिहीबार अदालतले उक्त विमानस्थल निर्माण कार्य रोक्ने फैसला सुनाएको हो ।

# सर्वोच्चको फैसला : श्रीमतीको हत्या गर्ने कोइरालालाई जन्मकैद

**काठमाडौं ।** सर्वोच्च अदालतले श्रीमतीको हत्या गेरेर जेल परेका सशस्त्र प्रहरीका तत्कालीन नायब महानिरीक्षक (डिआइजी) रञ्जन कोइरालालाई जन्मकैद (२० वर्ष) जेल सजाय हुने फैसला सुनाएको छ ।

कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू टङ्कबहादुर मोक्तान र डा कुमार चुडालको पूर्ण इजलासले आज कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनको फैसलालाई सदर गर्दै उक्त फैसला सुनाएको हो ।

यसअघि निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलालाई उल्टयाउँदै जन्मकैदको जेल सजाय हुने फैसला गरेको हो । राणा र केसी इजलासले श्रीमती हत्या अभियोगमा सजाय काट्दै आएका कोइरालालाई कैद छुट दिँदै २० वर्षको जन्मकैदलाई साढे आठ वर्षमा झार्ने फैसला गरेको थियो । अदाललते उक्त फैसलालाई उल्टयाउँदै कोइरालालाई जन्मकैद हुने फैसला गरेको हो ।

यसअघिको अदालतलको आदेशसँगै कोइराला साढे आठ वर्ष कैद भुक्तान सकेर घर फर्किएका थिए । आजको अदालतको फैसलापछि अब कोइरालालो साढे ११ वर्ष कैद भुक्तान गर्नुपर्ने छ ।

निलम्बित प्रधानन्यायाधीश राणा र तेजबहादुर केसीको इजलासले २०७७ असार १५ गते कोइरालालाई ११ वर्ष छ महिना छुट दिने फैसला सुनाएको थियो । कोइरालाले श्रीमती गीता ढकाललाई जलाएको स्वीकार गरे पनि सजायमा कानूनसम्मत नगरी छुट दिएको विषयमा सर्वत्र विरोध भएको थियो । उक्त फैसला विवादमा परेपछि सरकारले विसं २०७७ साउन ११ गते पुनरावेदन दर्ता गरेको थियो । सोही साउन १२ गते नै सर्वोच्च अदालतले सो निवेदनमा सुनुवाइका लागि निस्सा प्रदान गरेको थियो ।

यसअघिको फैसलामा कोइरालाको श्रीमती गीताको मृत्युपछि दुई नाबालक छोराको हेरचाह, संरक्षण एवं शिक्षादीक्षा लगायतका कार्य अभिभावक विहीनताको कारणले अनिश्चय र अन्योल हुन गई उनीहरूको हितमा दूरगामी प्रभाव पर्न जाने कारणले जन्मकैदको सजाय गर्दा चर्को पर्न जानेजस्तो चित्तमा लागेको हुँदा फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐनको दफा १७ (क) बमोजिम कैद गर्दा कोइरालालाई आठ वर्ष छ महिना कैद हुने ठहर गरिएको थियो ।

"मकवानपुरको मेत्राङमा पाइएको अस्थिपञ्जर गीता ढकालकै रहेछ र निजलाई मृत्युपश्चात् जलाइएको रहेछ भन्ने कुरा प्रमाणित हुन आई मिसिलमा जेजस्ता दशी प्रमाणहरू मौजुद छन्", फैसलामा भनिएको थियो, "तिनको समग्रमा अध्ययन र विश्लेषण गरी हेर्दा रञ्जनप्रसाद कोइराला निर्दोष भन्न सकिने अवस्था देखिएन ।" फैसलामा प्रमाणहरूको मूल्याङ्कन गर्दा मृतक गीता ढकालको मृत्यु कोइरालाबाटै भएको र दोषी ठहर भए पनि सर्वस्वसहित जन्मकैदलाई छुट दिएर साढे आठ वर्ष मात्र सजाय हुने पूर्णपाठमा थियो ।

# प्रतिनिधिसभा बैठक जारी सीमा समस्याबारे प्रश्न

**काठमाडौं ।** बुधबारदेखि सुरु भएको प्रतिनिधिसभाको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि सांसदहरूले बोल्ने बिहीबार पनि जारी रह्यो ।

कार्यक्रममाथि संशोधनको सूचना पेश गरेका सांसदहरूको बोल्नेक्रम सकिएसँगै अन्य सांसदहरूले छलफलमा भाग लिएर आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

नेपाली कांग्रेसका सांसद प्रकाशमान सिंहले अघिल्लो सरकारले गर्न नसकेका काम र विद्यमान अर्थतन्त्रका कारण सामना गर्नुपरिरहेको परिस्थिति नियन्त्रणका लागि पनि नीति तथा कार्यक्रममार्फत कार्यक्रम अघि बढाइएकाले यो जनता र राष्ट्रको पक्षमा रहेको बताएका थिए ।

सीमा समस्याका सम्बन्धमा प्रतिपक्षी दलका सांसदहरूबाट उठाइएका प्रश्नप्रति संकेत गर्दै उनले कूटनीतिक रूपमा सीमा विवादलाई सम्बोधन गर्ने भनेर उल्लेख भइसकेपछि त्यस विषयमा अन्य कुरा उठाइरहनु तर्क संगत नहुनेमा जोड दिएका थिए ।

यसअघि बोल्ने प्रतिपक्ष दल नेकपा (एमाले) का संसदहरूले सीमा समस्याको कुरा सम्बोधन नभएको भन्दै संशोधनको सूचना पेश गरेका थिए । नेता सिंहले नागरिकताका सन्दर्भमा सहमतिका आधारमा समस्या समाधान गरिने स्पष्ट रूपमा उल्लेख गरिएकाले प्रश्न गर्नुपर्ने कुरा नै नभएको बताए ।

उनले ३३ बुँदामा दुई वर्षभित्र अव्यवस्थित बसोबासका समस्या समाधान गरिने कुरा सकारात्मक रहेको पनि चर्चा गरेका थिए ।

बूढीगण्डकी आयोजना नेपालले गर्न नसक्ने हो र ? भन्दै उनले भने 'यस विषयमा प्रश्न उठाउनु कतिको औचित्य छ, सोच्नुपर्छ' प्रश्न गरे ।

नेकपा (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले नीति तथा कार्यक्रमका उद्देश्यहरू सकारात्मक रहेको बताउनुभयो । गरिबीको दर घटाउने, पर्यावरण संरक्षण, सुशासन, कृषकको संरक्षण, विकास, उद्योग प्रवर्द्धन, नेपाली सामान उत्पादन र उद्योगको प्रवर्द्धन गर्ने कुराहरू सकारात्मक रहेको बताउनुभयो ।

आजको असामान्य अवस्था र जनताको अपेक्षालाई ध्यान दिँदा नीति तथा कार्यक्रमले नयाँ कुरा माग गरिरहेको छ, उनले भने । सांसद बस्नेतले आर्थिक सूचकहरू सकारात्मक नरहेको अवस्थामा यस विषयमा अझै ख्याल गर्न र राजनीतिक सेवामा पनि व्यापारीकरण भइरहेकोतर्फ ध्यान दिन उनको आग्रह थियो ।

## डिभिजन सडक कार्यालय, ललितपुरको अनुरोध !

सडक हाम्री सबैको साझा सम्पत्ति हो । सडक निर्माणमा तपाईं हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**डिभिजन सडक कार्यालय**
ललितपुर



गोदावरी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
वागमती प्रदेश, नेपाल
समृद्ध गोदावरीको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं गोदावरी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, ललितपुर


# एक चीन सिद्धान्तलाई धुमिल पार्ने दुष्प्रयास नगर्न बेइजिङको आग्रह

**बेइजिङ ।** चीनले आफ्नो एक चीन सिद्धान्तलाई धुमिल, अस्पष्ट र खोक्रो बनाउने दुष्प्रयास नगर्न संयुक्त राज्य अमेरिकासँग आग्रह गरेको छ ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसको हालैको टिप्पणीको प्रतिक्रियामा बेइजिङले त्यस्तो आग्रह गरेको हो । प्रवक्ता प्राइसले अमेरिकी नीतिलाई चीनले गलत ढङ्गले प्रस्तुत गरेको आरोप लगाएका थिए ।

सामाजिक सञ्जालमा प्राइसले संयुक्त राज्य अमेरिका तथाकथित 'ताइवान सम्बन्ध ऐन, तीन संयुक्त विज्ञप्ति र छ वटा आश्वासनद्वारा निर्देशित रहेको, लामो समयदेखिको द्विपक्षीय सम्बन्ध र एक-चीन नीतिप्रति आफ्नो देश प्रतिबद्ध रहेको उल्लेख गरेका थिए ।

प्रवक्ता प्राइसको उक्त अभिव्यक्ति तथ्य र इतिहासलाई विकृत पार्ने प्रयास गरिएको प्रतिक्रिया दिँदै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता प्रवक्ता वाङ वेनबिनले एक चीन सिद्धान्त र शर्तको अमेरिकाले पालना गर्नुपर्नेमा जोड दिए ।

चीन-अमेरिका सम्बन्धको सबैभन्दा महत्वपूर्ण र संवेदनशील विषय ताइवान भएको उल्लेख गर्दै उनले ताइवान मुद्दाको मूलजड नै 'एक चीन' भएको स्पष्ट गरे । उनले भने- संसारमा एउटा मात्र चीन छ, ताइवान चीनको एक हिस्सा हो, र जनवादी गणतन्त्र चीनको सरकार सम्पूर्ण चीनको प्रतिनिधित्व गर्ने एकमात्र कानुनी सरकार हो । यो एक चीन सिद्धान्तको मूल अवधारणा हो, जुन अन्तरराष्ट्रिय समुदायको सहमति र अन्तरराष्ट्रिय सम्बन्धलाई नियन्त्रित गर्ने आधारभूत मान्यता बनेको छ ।

अमेरिकासहित १८१ देशले एकचीन सिद्धान्तलाई मान्यता दिँदै चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरेका बताउँदै उनले एक चीन सिद्धान्तलाई दृढतापूर्वक चीनले पालन गरेको तथा त्यस विषयमा कुनै पनि सम्झौता वा छुट नहुने बताए ।

सन् १९७१ मा संयुक्त राज्य अमेरिकाले ताइवान मामिलामा नयाँ सिद्धान्तको परिपालना गर्ने प्रतिबद्धता व्यक्त गरेको, विश्वमा एक मात्र चीन रहेको तथा ताइवानलाई चीनको एक अभिन्न भागका रूपमा स्वीकार गर्दै ताइवान स्वतन्त्रता आन्दोलनलाई समर्थन नगर्ने वचन दिएको प्रवक्ता वाङले स्मरण गराए ।

सन् १९७२ मा जारी गरिएको साङ्घाई वक्तव्यमा पनि अमेरिकी पक्षले ताइवानलाई चीनको एक भागका रूपमा स्वीकार गरी त्यसलाई चुनौती नदिने प्रतिबद्धता जनाएको उनले बताए । अमेरिकाबाट व्यक्त यी प्रतिबद्धताबाटै चीन-अमेरिका सम्बन्धलाई सामान्य बनाउने प्रक्रिया प्रारम्भ भएको उनको भनाइ थियो ।

सन् १९७८ मा जारी गरिएको चीन-अमेरिका कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी संयुक्त विज्ञप्तिमा संयुक्त राज्य अमेरिकाले 'जनवादी गणतन्त्र चीनको सरकारलाई चीनको एकमात्र कानुनी सरकारको रूपमा मान्यता दिएको र चीन र ताइवान एउटै हुन् भन्ने चिनियाँ अडानलाई स्वीकार गरेको,' उनले स्पष्ट गरे ।

प्रवक्ता वाङले भने, "सन् १९८२ को अगस्ट १७ मा जारी विज्ञप्तिमा पनि संयुक्त राज्य अमेरिकाले 'चीनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको उल्लङ्घन गर्ने वा चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा दुई चीन वा एक चीन, एक नीति अवलम्बन गर्ने कुनै मनसाय नरहेको दोहोऱ्याएको थियो । अमेरिकाले गरेका प्रतिबद्धता सबैले हेर्न सक्छन्, ती घामझैं छर्लङ्ग छन् त्यस्ता ऐतिहासिक तथ्यलाई मेटाउन वा अस्वीकार गर्न सकिँदैन ।"

विगत ४० वर्षदेखि संयुक्त राज्य अमेरिकाले एक चीन सिद्धान्त र संयुक्त विज्ञप्तिका तीन प्रावधानलाई इमानदारीपूर्वक कार्यान्वयन नगरेको बताउँदै उनले ताइवानसँगको आधिकारिक आदानप्रदानका प्रतिबन्ध अमेरिकाले उल्लेखनीयरूपमा कम गरेको,निरन्तर सैन्य अन्तरक्रिया जारी राखेको तथा ताइवानलाई उसको तथाकथित 'अन्तरराष्ट्रिय स्थान' विस्तारका निम्ति खुलमखुला मद्दत गरेको प्रवक्ता वाङले बताए ।

उनले हालैका वर्षमा अमेरिकी पक्षले एक चीन सिद्धान्तलाई अस्पष्ट र खोक्रो बनाउने प्रयास गरेको उल्लेख गर्दै उनले आफ्नो एक-चीन नीतिलाई परिमार्जन गर्न अमेरिकाले थप विवरण प्रयोग गरिरहेको जसमा यसको एकपक्षीयरूपमा मनगढन्ते ताइवान सम्बन्ध ऐन र छ वटा आश्वासन समावेश गरिएका बताए । ती ऐन र आश्वासनलाई चीनले कहिल्यै मान्यता नदिएको र त्यसको तीक्षणरूपमा विरोध गरेको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले स्पष्ट गरे ।

चीन-अमेरिका सम्बन्ध राज्य-राज्यबीचको सम्बन्ध भएकाले त्यसलाई अमेरिकी पक्षले एकतर्फीरूपमा बनाएका नीतिबाट स्थापित नहुने वरु दुई पक्षले गरेको राजनीतिक सहमतिले मात्र निर्देशित गर्नसक्ने उनले प्रस्ट्याए ।

# पीडकलाई कारवाहीको दायरामा ल्याउन सभामुखद्वारा सरकारलाई निर्देशन

**काठमाडौं ।** सभामुख अग्निप्रसाद सापकोटाले यौन हिंसाबारे पछिल्ला दिनमा सार्वजनिक घटनाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउँदै यसका दोषीलाई कानूनी कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

आगामी आर्थिक वर्षको विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका बारेमा जारी रहेको छलफलकै क्रममा नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले सभामुखको ध्यानाकर्षण गराउनुभएको थियो ।

सांसद थापाको ध्यानाकर्षणका आधारमा सभामुख सापकोटाले यौन हिंसाका दोषीलाई कारवाहीको दायरामा ल्याउन निर्देशन दिनुभएको हो ।

केही वर्ष पहिले एक युवतीलाई मोडलिङका नाममा यौन हिंसा गरेको भन्ने विषय पीडितले नै सार्वजनिक गरेपछि दोषीलाई कारवाही गर्न माग गरिएको छ । दोषीमाथि कारवाहीको माग गर्दै प्रधानमन्त्री निवास बालुवाटार अगाडिसमेत अधिकारकर्मीले आज प्रदर्शन गरेका छन् ।

# जनताको मनोविज्ञान बुझेर काम गर्छु : मेयर रेणु

**चितवन ।** भरतपुर महानगरपालिकाको प्रमुख पदमा पुनःनिर्वाचित रेनु दाहालले जनताको मनोविज्ञान बुझेर काम गर्ने बताउनुभएको छ । अन्तिम मतपरिणाम आएपछि प्रतिक्रिया दिँदै उहाँले महानगरवासीलाई निराश हुन नदिने बताउनुभयो ।

स्थानीय तहमा यो आफ्नो अन्तिम कार्यकाल भएको भन्दै उहाँले महानगरका अधुरा काम पूरा गर्ने बताउनुभयो । उहाँले भन्नुभयो,"देशकै ध्यान यो महानगरमा रहेकाले आफू जित्नु सुखद भए पनि जनताको भावना बुझेर काम गर्छु", उहाँले भन्नुभयो,"स्थानीय सरकार भनेको राजनीति गर्ने ठाउँ होइन, विकास निर्माण गर्ने हो, त्यतै तर्फ लाग्छु ।" पहिलो पटकको कार्यकालमा महानगरमा आफूले गरेको पहिलो निर्णय अहिले धेरै पालिकाले सुरु गरेकाले त्यो जनताबाट अनुमोदित भएको उहाँले बताउनुभयो । पहिलो पटक उहाँ निर्वाचित भएसँगै पहिलो निर्णय भरतपुर अस्पतालमा महिलाका लागि बहिरङ्ग सेवाको टिकट निःशुल्क गरिएको थियो । पाँच दलीय गठबन्धन शान्ति र प्रगतिको लागि भएकाले यो लामो समयसम्म जाने बताउँदै उहाँले यो भत्किहाल्ने, टुटिहाल्ने जस्तो केही पनि नहुने बताउनुभयो ।

निर्वाचन अघि सार्वजनिक गरेको प्रतिबद्धता अनुरूप नै आफू अबको पाँच वर्ष उही गतिमा काम गर्ने उहाँले दोहोऱ्याउनुभयो । उहाँले भन्नुभयो "महानगरभित्र पूरा गर्न बाँकी योजना, आयोजना यो कार्यकालभित्रै सम्पन्न गर्ने तर्फ विशेष ध्यान जान्छ ।" भरतपुरलाई स्मार्ट सिटी बनाउने अवधारणा अनुसार केही काम अगाडि बढेपनि पूर्ण नभएकाले त्यसमा बढी ध्यान जाने उहाँको भनाइ थियो । उहाँले भन्नुभयो "भरतपुरमा मुख्य गरेर रोजगारीको समस्या विकराल बन्दै गएको छ । त्यसको समाधान तर्फ पनि विशेष ध्यान दिने छु ।" शिक्षा, स्वास्थ्य, पूर्वाधार, विकास, फोहर तथा ढल व्यवस्थापनमा जोड दिने भन्दै उहाँले आफूले गरेको कामको अनुमोदन जनताले गरिदिएकोमा खुसी प्रकट गर्नुभयो ।

गठबन्धनभित्र चुनौती भए पनि गठबन्धनभित्रका दलले इमान्दारिता प्रकट गरेकाले जित भएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "विपक्षीहरूले हराउनका लागि ठूलो योजना बुने तर पनि असफल भएका छन् । अब हामी मतदाताले दिएको जिम्मेवारी पूरा गर्न तर्फ लाग्छौं ।"

गो.हु.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## प्रतिनिधिसभा...

कुनै पनि ठाउँबाट क्लिक गर्दा हेर्न सकिने गरी बनाउनुपर्छ' नेता खनालले भने । अब राजनीतिक दल ठीक ढंगले चल्न नसके धेरै बालेन जन्मने र राजनीतिक दलको अस्तित्व समाप्त हुँदै जाने समेत उनको भनाइ थियो ।

श्रमजीवी वर्गको जनताको हितका लागि ठोस नीति तथा कार्यक्रम नभएको भन्दै उनले गरिबी निवारणसम्बन्धी ठोस नीति हुनुपर्नेमा जोड दिए । 'चीनले १० वर्षअघि नै गरिबी निवारण गऱ्यो, जम्मा दुई करोड ९२ लाख भएको जनसंख्यालाई गरिबी उन्मूलन गरेर जान किन सकिदैन ? सकिन्छ' नेता खनालको दावी थियो । राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नुपर्ने र देशमा उद्योगधन्दा सञ्चालनका विषयलाई ध्यान दिनुपर्नेमा जोड दिएका उनले भने 'नेपाल पर्यटन र प्राकृतिक सुन्दरताका हिसाबले विश्वकै सबैभन्दा सुन्दर देश हो, लुम्बिनीकै विकास गर्नसके पनि धेरै धार्मिक पर्यटक भित्र्याउन सकिन्छ तर त्यसको एकीकृत योजना बनाएर विकास गर्न सकिएको छैन ।' विश्वभरिका पर्यटक नेपालमा भित्र्याउने स्थलको पनि विकास गर्न नसक्नुका कारण आफ्नो मान्छे भर्ना गरेर लाभ लिन खोजेका कारण त्यस्तो भएको उनको टिप्पणी थियो ।

सरकारको आगामी नीति तथा कार्यक्रममा प्रगतिशील कर प्रणाली ल्याउन नसकेको उल्लेख गर्दै उनले समाजवादको पक्षधरले त्यो कुरामा ध्यान दिनुपर्ने बताए । जनतालाई देशको मालिक बनाउन सूचना प्रविधि, तालिम भित्र्याउनु पर्नेमा जोड दिँदै सरकारका नीति तथा कार्यक्रममा कला, साहित्य र संस्कृतिकको विकासका बारेमा केही पनि नबोलेको गुनासो पोखे । 'सभ्य समाजका लागि कला, साहित्य र संस्कृतिको विकास गर्न जरुरी छ, यसमा सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ', उनको भनाइ थियो 'मुलुकको आर्थिक, सामाजिक, राष्ट्रिय सुरक्षाका नीति, विदेश नीति बनाउनुपर्छ ।'

बैठकमा नीति तथा कार्यक्रमको संशोधनका लागि सूचना पेश गरेका विभिन्न दलका ६ सांसदसहित प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद ओली, नेकपा (एकीकृत समाजवादी) पार्टीका वरिष्ठ नेता झलनाथ खनाललगायतका अन्य दलका सांसदले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिएका थिए ।

यसैबीच जनता समाजवादी पार्टीका सांसद राजकिशोर यादवले काठमाडौं, धरानलगायत स्थानीय तहमा स्वतन्त्र उम्मेदवारले जित्नु राजनीतिप्रतिको असन्तुष्टि भएको टिप्पणी गर्दै दलको समयमै चेत खुल्न जरुरी रहेको औंल्याए । सरकारको नीति तथा कार्यक्रममाथि धारणा राख्दै उनले कार्यक्रम हेर्दा लागु गर्न सकेका अवस्थामा नेपालको कायापलट हुने भए पनि नीति र कार्यक्रमको संयोजनको अभाव देखिएको बताए ।

बैठकमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले चुनाव निष्पक्ष नभएको आरोप लगाउँदै विभिन्न क्षेत्रमा आफ्ना सांसदमाथि आक्रमण भएको जिकिर गरे ।

प्रतिनिधिसभा बैठकको अन्तमा कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति पूर्णकुमारी सुवेदीले 'कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०७९' र महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले 'महिला तथा सामाजिक समितिको वार्षिक प्रतिवेदन २०७९' पनि पेश गरेकी थिइन् ।

प्रतिनिधिसभामा संशोधन प्रस्ताव पेश गर्ने संशोधनकर्ता सांसदहरूमा प्रमुख प्रतिपक्ष दल एमालेका हृदयेश त्रिपाठी, शेरबहादुर तामाङ, भीमबहादुर रावल र खगराज अधिकारी तथा सत्ता गठबन्धन दल राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेल र नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाल रहेका छन् ।

सांसद तामाङले नीति तथा कार्यक्रमको बुँदा नं २३ मा कृषिमा आकर्षण दिन संसदमा गैरसरकारी विधेयकको रूपमा दर्ता भएको गाँजाखेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक छलफलमा ल्याई पारित गरी वैधानिकरण गरिने छ, भन्ने व्होरा थप गर्नुपर्ने भनी संशोधन प्रस्ताव पेश गरेका छन् ।

नीति तथा कार्यक्रममाथि तीन बुँदामा संशोधन प्रस्ताव राखेका अधिकारीले बुँदा नं १३९ मा 'लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रबाट विदेशी फौज हटाउन तुरुन्त पहल गरिनेछ' भन्ने व्होरा थप्न गर्न माग गरेका छन् । सदनमा १९ बुँदामा संशोधन प्रस्ताव पेश गर्ने नेमकिपाका सांसद सुवालले बुँदा नम्बर ३६ मा संशोधन प्रस्ताव पेश गर्दै अन्तर्राष्ट्रिय कानुन विपरीत नेपालको भूमि डुबानमा पर्ने गरी भारतले बनाएको सीमा बाँध र तटबन्ध भत्काउन आवश्यक कूटनीतिक र कानुनी पहल गर्ने कुरा थप गर्न प्रस्ताव गरेका हुन् ।

सांसद दुर्गा पौडेलले बुँदा नम्बर ७ संशोधन प्रस्ताव पेश गर्दै लिपुलेक लिम्पियाधुरा र कालापानीबाट भारतीय सेना फिर्ता गर्ने व्होरा राख्नुपर्ने प्रस्ताव गरेकी छन् ।

यसैगरी राष्ट्रियसभामा संशोधनका सूचना पेश गर्नेमा मनोनित सांसद डा विमला राई पौड्याल, लोकतान्त्रिक समाजवादी पार्टीका सांसद शेखरकुमार सिंह, एमालेका सांसदहरू भगवती न्यौपाने, भैरवसुन्दर श्रेष्ठ र विमला घिमिरे रहेका छन् । उनीहरू सबैले बुँदा १० मा संशोधनको सूचना पेश गरेका छन् । डा राई र पौडेलले बुँदा नम्बर २६ मा संशोधन प्रस्ताव पेश गर्दै प्राङ्गारिक मलमा अनुदानसहित सातै प्रदेशमा प्राङ्गारिक मल कारखाना खोलिने र रासायनिक मलमा अनुदान हटाई आपूर्ति सहज गरी प्राङ्गारिक मलमा अनुदान बढाउने कुरा उल्लेख गरेका छन् ।

बैठकमा सांसद सिंहले बुँदा नं १०८ मा संशोधन प्रस्ताव प्रस्तुत गर्दै डडेल्धुरामा मेडिकलकलेज सञ्चालनमा ल्याइने भन्ने उल्लेख गरिएकोमा सोही बुँदामा सप्तरीको राजविराजमा पनि रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्ने वाक्य थप गर्न माग गरेका थिए ।

एमालेका सांसदहरू न्यौपाने, श्रेष्ठ र घिमिरेले संयुक्त रूपमा बुँदा नम्बर १५, १७, ४३, ७२ र ७९ मा संशोधन प्रस्ताव पेश गर्दै वित्तीय हस्तान्तरणको विषय विरोधाभाषपूर्ण भएको, पूर्ववर्ती आयोजना अलपत्र पार्नेगरी आएको, स्वच्छ खानेपानी उपलब्ध गराउने कुरा र बूढीगण्डकी आयोजना तथा सरकारले पूरा गर्नुपर्ने योजना निजी क्षेत्रलाई जिम्मादिने कुरा सान्दर्भिक नभएको भन्दै संशोधन प्रस्ताव पेश गरिएको छ ।

सरकारले ल्याएको नीति तथा कार्यक्रम आर्थिक विकास तथा नीतिगत सुधारमा महत्वपूर्ण रहेको छ । प्रस्तुत नीति तथा कार्यक्रम वित्तीय र मौद्रिक औजार परिचालन गरी सरकारबाट निजी क्षेत्रको संयुक्त प्रयासबाट समष्टिगत आर्थिक स्थायित्व कायम गरी तीव्र आर्थिक वृद्धि हासिल गर्नेतर्फ लक्षित छ ।

आन्तरिक तथा बाह्य कारणबाट अर्थतन्त्रको संरचनामा आउन सक्ने जोखिम बहन गर्नसक्ने आर्थिक नीति तय गर्ने कुरा कार्यक्रममा समावेश छ । यस्तै अर्थतन्त्रको समग्र संरचनामा रूपान्तरण गर्न सक्ने कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिने र आन्तरिक स्रोतमा आधारित उत्पादनका साधनको महत्तम परिचालन गरिने उल्लेख गरिएको छ ।

यस्तै उत्पादन र उत्पादकत्व वृद्धि पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, मानव पूँजी निर्माण, रोजगारी सिर्जना, असमानता र बहुआयामिक गरिबीको दरमा कमि, दिगो विकास र पर्यावरणीय सन्तुलत, संघीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिएको छ ।

वित्त र मौद्रिक नीतिको संयोजनबाट आर्थिक वृद्धि र स्थायित्व हासिल गरिने तथा कृषि, यातायात, ऊर्जा, पर्यटन र सूचना प्रविधिलाई आर्थिक वृद्धिको संवाहकको रूपमा अघि बढाइ आर्थिक पुनरुत्थानका विशेष कार्यक्रममार्फत उत्थानशील अर्थतन्त्र निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा प्राकृतिक स्रोतको संरक्षण उपयोग र समन्यायिक बाँडफाँट गरिने तथा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग आवद्ध गर्दै आर्थिक समुन्नतिको आधार तयार पारिने उल्लेख छ । नीति तथा कार्यक्रममा आन्तरिक उत्पादन वृद्धिदेखि औद्योगिकीकरणका लागि गुणस्तरीय पूर्वाधार निर्माण लगानी प्रर्वद्धन, व्यवसायिक वातावरण निर्माण र सहजीकरण गर्न नीतिगत, कानुनी र प्रणालीगत सुधार गर्ने योजना सरकारले अघि सारेको छ । बिहीबारको बैठक आज ११ बजे बस्ने गरी सकिएको हो ।

## चालीस...

भएका छन् । भैरवीको प्रमुखमा रीता शाही र उपप्रमुखमा देवी भण्डारी निर्वाचित भएका छन् । दुवै जना कांग्रेसबाट उम्मेदवारी दिएका थिए ।

कैलालीस्थित लम्की-चुहा नगरपालिका प्रमुख र उपप्रमुख दुवै पदमा महिला उम्मेदवार निर्वाचित भएका छन् । सो नगरपालिका प्रमुखमा कांग्रेसकी सुशीला शाही र एमालेकी उपप्रमुख पदमा जुना चौधरी निर्वाचित भएका हुन् ।

यसैगरी प्रदेश १ मा आठ हजार १९६ उम्मेदवार भएकामा दुई हजार चारसय ५५ जना महिला निर्वाचित भएका हुन् । मधेस प्रदेशमा १५ हजार ७८० उम्मेदवार रहेकामा दुई हजार ७७० जना निर्वाचित भए । सोहीअनुसार बागमती प्रदेशमा आठ हजार ३४८ महिला उम्मेदवार रहेकामा दुई हजार ३४७ जना निर्वाचित भएका छन् ।

गण्डकी प्रदेशमा चार हजार ६४९ महिला उम्मेदवार रहेकामा एक हजार ६२२ जना विजयी बनेका छन् । सोहीअनुसार लुम्बिनी प्रदेशमा आठ हजार ७६७ महिला उम्मेदवार रहेकामा दुई हजार १२४ जना निर्वाचित हुन सफल भए ।

निर्वाचन आयोगको तथ्यांकअनुसार कर्णाली प्रदेशमा चार हजार ८७८ महिला उम्मेदवार रहेकामा एक हजार ५२४ जना निर्वाचित भएका छन् । आयोगको तथ्यांकअनुसार सुदूरपश्चिम प्रदेशमा पाँच हजार ८५ उम्मेदवार रहेकामा एक हजार ५६० जना निर्वाचित भएका छन् ।

आयोगको तथ्यांकअनुसार मुलुक भरबाट २५ वटा पालिका प्रमुखमा महिला निर्वाचित भएका हुन् । झापाको विर्तामोड नगरपालिका प्रमुखमा पवित्रा महतारा र गौरीगञ्ज गाउँपालिका प्रमुखमा फूलवती राजवंशी निर्वाचित भएको पनि आयोगले जानकारी दिएको छ । मोरङको कानेपोखरी गाउँपालिका प्रमुखमा राजमति इङनाम तथा सोलुखुम्बुको लिखु पिके गाउँपालिका प्रमुखमा मीनादेवी कार्की निर्वाचित र खोटाङको जन्तेढुंगा गाउँपालिका प्रमुखमा अरुणादेवी राई एवं हलेसी तुवाचुङ नगरपालिका प्रमुखमा विमला राई विजयी भएका हुन् ।

यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका प्रमुखमा गीता चौधरी, सर्लाहीको बरहथवा नगरपालिका प्रमुखमा कल्पनाकुमारी कटुवाल एवं रौतहटको ईशनाथ नगरपालिका प्रमुखमा कौशल्या देवी र मौलापुर नगरपालिका प्रमुखमा रिनाकुमारी साह विजयी भएका छन् ।

यसैगरी सिन्धुलीको फिक्कल गाउँपालिका प्रमुखमा पार्वती सुनुवार, सुनकोसी गाउँपालिका प्रमुखमा दीपा बोहरा दाहाल तथा काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका प्रमुखमा रेणुका चौलागाईं, मकवानपुरको हेटौंडा उपमहानगरपालिका प्रमुखमा मीना लामा, चितवनको भरतपुर महानगरपालिका प्रमुखमा रेणु दाहाल र माडी नगरपालिका प्रमुखमा ताराकुमारी काजी महतो (थारु) विजयी भएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

यस्तै नवलपरासी (बर्दघाट सुस्तापूर्व) को हुप्सेकोट गाउँपालिका प्रमुखमा लक्ष्मी पाण्डे, सोही जिल्लाको सुनवल नगरपालिका प्रमुखमा विमला अर्याल, बागलुङको बडिगाड गाउँपालिका प्रमुखमा गण्डकी थापा अधिकारी तथा पर्वतको मोदी गाउँपालिकामा हीरादेवी शर्मा र पाल्पाको बगनासकाली गाउँपालिका प्रमुखमा सरस्वती दर्लामी तथा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका प्रमुखमा मोहनमाया ढकाल र अछामको पञ्चदेवल विनायक नगरपालिका प्रमुखमा अम्बिका चलाउने विजयी भएका हुन् ।

यसैगरी दैलेखको भैरवी गाउँपालिका प्रमुखमा रीताकुमारी शाही र कैलालीको लम्की-चुहा नगरपालिका प्रमुखमा सुशीला शाही निर्वाचित भएका छन् ।

निर्वाचन आयोगको तथ्यांकअनुसार एकसय २३ स्थानीय तह दलित महिला सदस्यमा र एक जना महिला सदस्य स्थानीय तहमा खाली रहेको छ भने काठमाडौं महानगरपालिका, उदयपुरको त्रियुगा नगरपालिका, रूपन्देहीको तिलोत्तमा नगरपालिका र बाजुराको बूढीगंगा नगरपालिकाको मत गणना सम्पन्न भएको छैन ।

## लेनिन पछिल्लो...

यहाँ एउटा कुरा उल्लेखनीय छ । लेनिनले स्टालिनको विरोध व्यक्तिगत स्तरमा गरेका थिएनन् । व्यक्तिगत मनोमालिन्यसित यस विरोधको विशेष सम्बन्ध थिएन । यद्यपि पछि गएर त्यहाँ मनोमालिन्य पनि जन्मियो । लेनिनको स्टालिन विरोध विशुद्ध राजनीतिक थियो । मरण-शैय्यामा परेका लेनिनले स्टालिनलाई अपदस्थ गरेर निजी रिस पोख्न खोजेका थिएनन् । स्टालिन केही निश्चित राजनीतिक एवं प्रशासनिक प्रवृत्तिका प्रतीक हुन पुगेका थिए । स्टालिनको अधीनका मन्त्रालय ती विकृत प्रवृत्तिका चरम उदाहरण बन्न पुगेका थिए । त्यसैले गर्दा मात्र स्टालिन अचानो भए । तिनताका उपलब्ध अनेकानेक लेख र टिप्पणीबाट यो कुरा छर्लङ्ग हुन्छ ।

मरण-शैय्यामा पनि लेनिनले केही अत्यन्त महत्वपूर्ण लेखहरू लेखे । त्यस्ता लेखहरूमध्ये 'जातीयताको प्रश्न', 'सहकारिता बारेमा', 'हाम्रो क्रान्ति', 'थोरै हुन तर बेस हुन' आदि अति महत्वपूर्ण लेख छन् । लेनिनको त्यो 'आखिरी संघर्ष' कत्तिको महत्वपूर्ण थियो भन्ने कुरा यी लेखहरू पढेपछि बुझिन्छ ।

मरणोन्मुख लेनिन मानौं, हठात् बेग्लै लेनिन भएका थिए । यो सही हो उनको शरीर अशक्त थियो । तर, उनको मस्तिष्क सशक्त, स्पष्ट र प्रखर थियो । कहीं केही गल्ती भएको थियो । क्रान्तिको मोटर गलत बाटोतिर जादै थियो, उनी छर्लङ्ग देख्दै थिए । ड्राइभरको सीटमा उनी स्वयं बसेका थिए । गीयर, स्टेरिङ र ब्रेकसित लेनिन पुरा ताकतले जुधे । तर, अहँ गाडी बाटोमा आएन । गाडीले गति-विज्ञानको उपहास गऱ्यो । लेनिन हैरान थिए । लेनिन परेशान थिए । आफ्ना अन्तिम दिनका ती लेख तथा टिप्पणीमा लेनिनको हैरानी तथा परेशानी प्रस्ट अंकित छन् ।

लेनिन बारम्बार प्रश्न गर्छन- आखिर यस्तो किन भयो ? लेनिन आफै स्वीकार गर्छन- सोवियत राज्य आफ्नो लक्ष्य र बाटोबाट भट्किएको छ । तर, यस भट्काबाट छुटकारा कसरी पाइएला त ? लेनिन यो प्रश्न बारम्बार सोध्छन् । अनेकौं सम्भव उपायबारे लेनिनले ती एकांकी दिनमा विचार गरे । मरण-शैय्याबाट पनि लेनिनले सोवियत कम्युनिस्ट पार्टीलाई अनेकौं सुझाव दिए ।

तर, ती उपाय तथा सुझाव क्रियान्वित भएनन् । ती उपाय तथा सुझाव पार्टी सेक्रेटरियटमा थन्किइरहे । लामो समयसम्म पार्टी र आमजनताले ती सुझावको वास्तविकरूप देख्न पाएनन् । लामो समयसम्म लेनिनको वसीयतनामा र लेखहरू अफवाह तथा अनुमानका विषय रहे । स्टालिनको मृत्युपछि मात्र रुसी जनताले तीमध्ये कतिपय लेख देख्न पाए । त्यो पनि खण्डित रूपमा ।


५ मार्च १९२३ का दिन क्रुप्सकाया प्रकरण भएको थियो । त्यसै दिन लेनिनले स्टालिनलाई सम्बन्ध विच्छेदको अठोट पत्र लेखे । स्वभावतः लेनिन अति उद्विग्न थिए । दुई दिनपछि मात्र अर्थात ७ मार्च १९२३ का दिन फेरी लेनिनलाई रोगले तेस्रोपटक तीव्र प्रहार गऱ्यो । यो प्रहार भने प्राणन्तक सिद्ध भयो । तीन दिनपछि अर्थात १० मार्च १९२३ का दिन लेनिनको वाक्य बन्द भयो । झन्डै १० महिना उनी निर्वाक अवस्थामा रहे । आखिर यसै अवस्थामा उनको देहान्त भयो ।

२३ जनवरी १९२४ का दिन लेनिनको देहान्त भयो । छिटै नै उनको मृत्युको समाचार संसारभरी फिजियो । सम्पूर्ण संसारका क्रान्तिकारी शक्ति शोकाकुल भए । सोवियत रुसका लाखौं जनता आपसे-आप मास्कोतिर लागे । आमजनताको शोक-प्रदर्शन साँच्चै नै स्वयं-स्फुर्त तथा अभूतपूर्व थियो । अनेकौं दिनसम्म लेनिनको पार्थिव शरीर यसै नै राख्ने निधो गरियो । लेनिनको शरीर नगाडिने निधो भयो । विचारधाराका दृष्टिले सोवियत राज्य निरीश्वरवादी राज्य थियो ।

*(अगस्ट १९८४ मा प्रकाशित 'लेनिन एक अध्ययन' पुस्तकबाट)*


**बालविवाह सामाजिक र कानुनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानुनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं